मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

तेजाब वा अन्य घातक रसायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा बिक्री-वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार विज्ञापन बोर्ड

◆ वर्ष : २७ ◆ अङ्क : ९१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ फागुन ४ गते बुधवार (Wednesday, February 16. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भा.रु : ४/-



**राडी बुन्दै वृद्धाः** ताप्लेजुङको सदरमुकाम फुङ्लिङ नगरपालिका-६, कोठेबारी गाउँमा एक वृद्धा भेडाको ऊनबाट राडी बुन्दै । यहाँ राडी प्रतिगोटा रु. दुई हजारदेखि रु. पाँच हजारसम्ममा खरिद बिक्री हुँदै आएको छ । **तस्वीर : दिलकुमार लिम्बू/रासस**

# वैदेशिक रोजगारमा बढ्दो ठगी रोक्न प्रहरी परिचालन

**काठमाडौँ, फागुन ३।** वैदेशिक रोजगारमा हुने अनियमितता तथा ठगी नियन्त्रणका लागि वैदेशिक रोजगार विभागमा प्रहरी टोली परिचालन भएको छ ।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान व्यूरोबाट प्रहरी नायव उपरीक्षकको नेतृत्वमा सात सदस्यीय प्रहरी टाली पचिालन गरिएको व्यूरोका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले जानकारी दिए ।

उनका अनुसार मंगलवार बिहानैदेखि सादा पोशाकमा टोली परिचालन भएको छ । विभागसँगको समन्वयमा टोलीले काम गर्ने जनाइएको छ । केही अघि भ्रमण भिसामा गएर मानिस ठगिएको गुनासो आएपछि गृहमन्त्रालयको समेत ध्यानाकर्षण भएको थियो । यसलाई समेत टोलीले निगरानी गर्नेछ ।

टोलीलाई उजुरी लिने, अनुसन्धान गर्ने तथा पक्राउ गर्नेसम्मको अधिकार दिइएको छ । हाल टोली सादा पोशाकमा रहेको र आवश्यकतानुसार परिचालन हुने ब्यूरोले जनाएको छ । वैदेशिक रोजगार ऐनमा यससम्बन्धी उजुरी प्रहरीले लिनसक्ने व्यवस्था छ । सोही अनुसार गृह र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समन्वयमा व्यूरोबाट प्रहरी टोली पठाइएको हो ।

यसैबीच आफूलाई यूएनको इञ्जिनियर भन्दै यूएनमा जागिर लगाइदिने प्रलोभन देखाई विभिन्न व्यक्तिहरूबाट नगद १८ लाख ८५ हजार रुपैयाँ ठगी गरी फरार रहेको अभियोगमा डोटी साविक तोलेनी गाबिस बस्ने २६ वर्षीय दिनेश सिंहलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

दिनेशले विभिन्न मितिमा कास्की पोखराबाट उक्त रकम ठगी गरी फरार भएको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले इलाका प्रहरी कार्यालय बुटवल रुपन्देहीसँगको समन्वयमा रुपन्देही बुटवल उपमहानगरपालिका-९ मिलनचोकमा फेला पारी उनलाई पक्राउ गरेको हो ।

प्रहरीले उनको साथबाट १ थान ल्याप्टप, २ थान मोबाइल, पहेलो रंगको १ थान सिक्री, १ थान औंठी, विभिन्न कम्पनीको

*(बाँकी अन्तिम पृष्ठमा)*

## पत्रकारलाई नधम्क्याउन पत्रकारको आग्रह

**बिर्तामोड, फागुन ३।** नेपाल पत्रकार महासंघ झापा शाखाले पत्रकार मदन राजवंशीलाई धम्की तथा गालीगलौज गरेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

गौरीगञ्जस्थित सोसियल मिरर मिडिया प्रालिद्वारा सञ्चालित गौरीगञ्ज दर्पण डटकमका प्रधानसम्पादक राजवंशीलाई समाचारको विषयलाई लिएर स्थानीय सञ्जय महतोले धम्की दिएका थिए । उक्त धम्कीप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको मंगलवार प्रेस विज्ञप्तिमार्फत जनाइएको छ । गौरीगञ्ज-३का महतोले बैदेशिक रोजगारका लागि भिजिट भिषामा दुबई पुगेका ११ जना युवा अलपत्र पारेको विषयलाई लिएर महतोले फागुन २ गते पत्रकार राजवंशीलाई हात काटिदिने धम्की दिएको प्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको सचिव डिकेश लामाद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनाइएको छ ।

कुनै पनि प्रकाशित प्रशारित समाचारप्रति चित्त नबुझे वा कुनै गुनासो रहे त्यसउपर कानूनी उपचारमा जाने विकल्प हुँदाहुँदै पत्रकारलाई धम्क्याउँदै गालीगलौज तथा हतोत्साहित गर्ने कार्य प्रेस बिरोधी काम भएको महासंघको ठहर छ । महासंघ झापा शाखाले प्रेस बिरोधी हर्कतप्रति खेद व्यक्त गर्दै संविधानले सुनिश्चित गरेको प्रेसको अधिकार र स्वतन्त्रताको सम्मान गर्न र आगामी दिनमा यस खाले गतिविधि नगर्न सम्बन्धित पक्षलाई सचेत गराएको छ ।

# बिर्तामोडमा तीन विधेयक पारित



**बिर्तामोड, फागुन ३।** मंगलबार आयोजित आठौँ नगरसभामा पेश गरीएका विधेयकमाथि छलफल गरी पारित गरेको हो ।

नगरको विधायन समिति संयोजक गीता घिमिरेले प्रस्तुत गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक २०७८, कृषि पशुपंछी तथा मत्स्य विकास विधेयक २०७८ र बिर्तामोड नगर प्रहरी गठन तथा सञ्चालन विधेयक २०७८ सर्वसम्मतिले पारित भएको हो ।

नगरप्रमुख ध्रुवकुमार शिवाकोटीको अध्यक्षता तथा प्रदेश सांसद एकराज कार्कीको प्रमुख आतिथ्यमा आयोजित नगरसभामा नगर उपप्रमुख पवित्रा महतारा प्रसाईले चालू आर्थिक वर्ष २०७८/०७९को अर्धवार्षिक प्रगति विवरण पेश गरेकी थिइन् ।

नगर उपप्रमुख प्रसाईले प्रस्तुत गरेको प्रगति प्रतिवेदनमा वार्षिक जम्मा चालू खर्च ६४ करोड ३५ लाख १४ हजार रुपैयाँ प्रस्ताव गरिएकोमा हालसम्म २० करोड ६२ लाख ११ हजार ८ सय रुपैयाँ खर्च भएको र पुँजीगत खर्च ६२ करोड ६५ लाख ८ हजार ५ सय रुपैयाँ खर्च गर्ने प्रस्ताव गरिएकोमा १४ करोड ५ लाख १५ हजार २ सय रुपैयाँ खर्च भएको उल्लेख गरिएको छ । यस अवधिमा उपभोक्ता समितिमार्फत २०८, ठेक्का प्रक्रियाबाट १९,अमानतबाट ९० र संघ-संस्थाबाट २० गरी जम्मा ३३७ वटा योजना सम्झौता भएको जनाइएको छ । सम्झौता भएका योजनाहरुमध्ये १८६ वटा सम्पन्न भएको र १५१ वटा कार्यान्वयनको चरणमा रहेको पनि जनाइएको छ ।

सभाका प्रमुख अतिथि प्रदेश सांसद कार्कीले बिर्तामोड नगरपालिकामा यो पाँच वर्षको अवधिमा चौतर्फी विकास भएको बताए । उनले सडक, पुल, कल्भर्ट, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन लगायतका सबै क्षेत्रमा उल्लेखनीय विकास भएको भन्दै नगरपालिकाको प्रशंसा गरे । उनले स्थानीय तहको निर्वाचन मिति नजिकिँदै गएको अवस्थामा यसको मूल्याङ्कन जनताले गर्ने पनि धारणा राखे ।

यस्तै नगरप्रमुख शिवाकोटीले बिर्तामोडमा धेरै रचनात्मक कार्यहरु गरिएको बताए । कर्मचारीका कारणले पनि जनप्रतिनिधिलाई काम गर्न सहज भएको भन्दै उनले यस अवधिमा बाख्रा साटासाट, बंगुर साटासाट, सचेतना शिक्षा, सडक, पुल निर्माण लगायतका क्षेत्रमा महत्वपूर्ण कामहरु गरेको बताए । विकासका कामहरुमा बिर्तामोड अग्रपंक्तिमा रहेको भन्दै उनले यस ५ वर्षको अवधिमा ५०६ वटा विपन्न आवास निर्माण गरेर परिवारलाई हस्तान्तरण गरेको बताए । नगरको लक्ष्य ७०६ वटा रहेको र लक्ष्य प्राप्तिको लागि नगर अघि बढेको पनि जानकारी दिए ।

कार्यक्रममा बिर्तामोड ३का वडाध्यक्ष भोजराज सिटौला, वडा नम्बर १०का वडाध्यक्ष दुर्योधन गुरुङ्ग लगायतले यस अवधिमा भए गरेका गतिविधिहरुको बारेमा धारणा राखेका थिए । नगरसभामामा नगरपालिकाका विषयगत शाखा प्रमुखहरुले आ-आफ्ना शाखाबाट चालू आर्थिक वर्षमा भएगरेका प्रगति विवरण प्रस्तुत गरेका थिए । सभामा प्रमुख प्रशासकीय अधिकृत बिनोदकुमार न्यौपाने लगायतको उपस्थिति रहेको थियो ।

## औषधि बरामद



**झापा, फागुन ३।** अबैध रुपमा नेपाल भित्र्याइँदै गरेको अवस्थामा प्रहरीले दक्षिणी झापाको कचनकवलबाट आठ लाखभन्दा बढी मूल्य बरावरको औषधि बरामद गरेको छ ।

अस्थायी प्रहरी चौकी कुट्टीबाट खटिएको प्रहरीको टोलीले कचनकवल-१बाट आठ लाख ४१ हजार तीनसय ९७ रुयैयाँ बरावरको विभिन्न ब्राण्डका औषधि बरामद गरेको हो ।

भारतबाट नेपालतर्फ आइरहेका दुई जना पुरुषलाई शंका लागी चेकजाँच गर्दा प्रहरीले औषधि बरामद गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक बसन्त पाठकले जानकारी दिए । प्रहरीको टोली देखेपछि अबैध रुपमा औषधि नेपाल भित्र्याउनेहरु फरार भएको बताइएको छ ।

# अस्ताए ‘ताना’ शर्मा


**इलाम, फागुन ३।** ताना शर्मा नामबाट समेत परिचित तारानाथ शर्मा नेपाली साहित्य आकाशमा चर्चित नाम हो । शर्माको मंगलवार बिहान निधन भएको छ ।

उनको भौतिक शरीर अब हामीमाझ नरहे पनि नेपाली साहित्य क्षेत्रमा उनले छोडेका अमूल्य कृतिहरूले भने उनलाई अमर राख्नेछन् ।

इलाममा जन्मिएका उनको कर्मथलो भने काठमाडौँ थियो । काठमाडौँस्थित निजी निवासमा उनको निधन भएको हो । उनी मधुमेहबाट पीडित थिए । लेखनमा रमाउने शर्मा अस्वस्थताका कारण पछिल्लो डेढ वर्षयता भने साहित्य लेखनमै सक्रिय थिए । उनमा पछिल्लो समय बिर्सने समस्या देखिएको थियो ।

प्रख्यात समालोचक तथा लेखक शर्माको जन्म वि.सं. १९९१ असार ९ गते निर्जला एकादशीका दिन भएको थियो । पिता प्रजापति उपाध्याय र माता देवकीका जेठो छोराका रूपमा इलाम सूर्योदय नगरपालिका-९ बरबोटेमा जन्मिएका उनको पठनपाठन संस्कृत शिक्षाबाट शुरु भएको हो ।

अङ्ग्रेजी साहित्यमा एमए र भाषा विज्ञानमा विद्यावारिधि गरेका उनी मदन पुरस्कार, साझा पुरस्कार लगायतबाट सम्मानित भएका थिए । उनको कृति ‘बेलाइततिर बरालिँदा’ले २०२६ सालमा



मदन पुरस्कार पाएको थियो भने ‘सम र समका कृति’ ले २०२९ सालमा साझा पुरस्कार पाउन सफल भएको थियो । विसं २०२३ मा रत्नश्री स्वर्णपदक र २०३९ सालमा सर्वश्रेष्ठ पाठ्यपुस्तक लेखन पुरस्कारसमेत पाएका थिए ।

डा. शर्माले निबन्धबाट लेखन यात्रा शुरु गरेका हुन् । उनले २००८ सालमा थिओडर मेननको सम्पादनमा दार्जिलिङबाट निस्कने ‘साथी’ साप्ताहिक पत्रिकामा ‘इलाम’ शीर्षकमा निबन्ध छापेका थिए । उनले अध्ययनकै सिलसिलामा भारतको खर्साङ छँदा ‘आह्वान’ हस्तलिखित पत्रिका निकालेका थिए । ‘हिमध्वनि’ पत्रिकाको सम्पादक समेत रहेर काम गरेका उनका प्रकाशितमध्येको अन्तिम कृति ‘चरी भरर’ निबन्ध सङ्ग्रह हो ।

उनको थर भने भण्डारी हो । उनले भारत बसेकै बेला भण्डारी थर लेख्न छोडेर शर्मा लेख्न थालेका थिए । तारानाथ शर्माले कविता पनि लखेका छन् । उनका कविता भने थोरै मात्र छन् । बनारसमा पढ्दै गर्दा २०१३ सालमा बालकृष्ण पोखरेल, चूडामणि रेग्मी, कोषराज रेग्मी, बल्लभमणि दहालगायतसँग मिलेर झर्रोवादी अभियान थालेका थिए ।

सो अभियान अहिले नेपाली साहित्यका क्षेत्रमा चर्चित पनि छ । नौलो पाइलो नामक पत्रिका प्रकाशन शुरु गरेका शर्माले झर्रोवादबारे विभिन्न पत्रिकामा लेख समेत लेखेका छन् ।

उनको अभियानलाई नेपाली भाषा र साहित्य लेखन क्षेत्रका धेरैले साथ दिएका थिए । उनले एकताका शर्माको सट्टा सर्मा लेख्ने गर्थे, जुन झर्रोवादमा नै पर्ने उनको तर्क थियो । बनारसमा पढ्दा उनलाई आफ्नो थर ‘भण्डारी’ भारतीय जस्तो लागेर शर्मा लेख्न थालेको उनी बताउँथे । थर फेरेर घर पुग्दा बुबाले गुनासो गरेका थिए । एउटा पुस्तकमा ‘इदं पुस्तकम् प्रजापति शर्मणः’ लेखेको पत्ता लगाएपछि त्यसैको तर्कका आधारमा बुबाको चित्त बुझाएको पनि उनले बताएका थिए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## करणी गरेर फरार २४ बर्षपछि पक्राउ

**संखुवासभा, फागुन ३।** जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी इचङ्गुनारायण नगरपालिका-२ ठूलोभन्याङ बस्ने संखुवासभा मकालु गाउँपालिका-१ स्थायी वतन भएका ४० वर्षीय मिङ्तेम्वा सेर्पालाई घटनाको २४ वर्षपछि सोमबार प्रहरीले पक्राउ गरेको छ ।

उनीउपर जिल्ला अदालत संखुवासभाबाट २०६१ चैत १० गते ५

*(बाँकी अन्तिम पृष्ठमा)*

**ठाकुर पोलिक्लिनिकमा काठमाडौंका बरिष्ठ डाक्टरहरूको सेवा**

**डा. रवीन्द्र सिमखडा**
MD (Internal Medicine) DM (Cardiology)
**बरिष्ठ मुटु रोग विशेषज्ञ**
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र काठमाडौंबाट यसपटक फागुन ७ गते शनिवार

**डा. नेहा हुमागाँई मैनाली**
MBBS (KU) MD (KU)
वरिष्ठ स्त्री रोग विशेषज्ञ
यसपटक फागुन १४ गते शनिवार

**डा. रोमिला चिमरिया**
MBBS, MD (PEDIATRICS)
बरिष्ठ बाल मुटुरोग विशेषज्ञ
नेपाल मेडिकल कलेज काठमाडौं
यसपटक फागुन १४ गते शनिवार

**डा. विवेक रौनियार**
MBBS, MD (NEURO Physician)
बरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ यसपटक फागुन २१ गते शनिवार

सम्पर्क: पश्चिम बस स्टेण्ड, बिर्तामोड (झापा)
फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१

**फ्ल्याट भाडामा**

आवास तथा कार्यालयका लागि व्यवस्थित र सुरक्षित फ्ल्याट भाडामा रहेको छ ।
बिर्तामोड-१, बाल्मीकि स्कूल छेऊ
मोवाइल नं. ९८२४९४२२००

**बालक हराएको सूचना**



झापा जिल्ला बिर्तामोड नपा वार्ड नं. १ बस्ने वर्ष १६ को गहुँगोरो, निलो होइनेक, बुट्टे सर्ट र जिन्सको पेन्ट लगाएको अर्पण खाती विक नाम गरेको बालक यही २०७८ माघ २९ गते बिहान १० बजेबाट हराइरहेको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछौं । खबर गरिदिनु हुने महानुभावलाई उचित पुरस्कार प्रदान गरिनेछ ।

फुपूः सीता विक
सम्पर्क : ९८१६०२५५४८, ९८०४९८४६९२

# कांग्रेसले तोक्यो वडा प्रतिनिधि



**बिर्तामोड, फागुन ३।** नेपाली कांग्रेस झापाले स्थानीय तह निर्वाचनलाइ लक्षित गरेर झापाका १ सय ३१ वटा वडामा प्रतिनिधि खटाउने निर्णय गरेको छ ।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा मंगलबार सम्पन्न कार्यसमिति एवम् क्षेत्रीय सभापतिहरु सहभागी बैठकले झापाका १५ वटा पालिकाका १३१ वटै वडामा प्रतिनिधि तय गरेको हो । 'वडा बलियो भए कांग्रेस बलियो हुन्छ'- भन्ने मूल नीति अवलम्बन गर्दै जिल्ला, क्षेत्र, प्रदेश, गाउँ/ नगर र वडा कार्यसमितिसँग समन्वय गरेर कार्य गर्न निर्देशन दिँदै सबै वडामा जिल्ला प्रतिनिधि खटाइएको सचिव कृष्ण हुमागाँईले जानकारी दिए ।

यसैगरी नेपाली कांग्रेसका भातृसंस्थाहरु नेपाल महिला संघ र तरुण दल एवम् आवश्यकता अनुसार अन्य भातृ संस्थाको गाउँ/नगर अधिवेशन एवम् बुथ केन्द्रित समिति गठन गर्ने निर्णय पनि बैठकले गरेको सचिव नवीन बिमलीले जानकारी दिए ।

स्थानीय तहको निर्वाचनका लागि पार्टीले उम्मेदवार तय नगरिकन सामाजिक सञ्जालहरुमा उम्मेदवारको रुपमा प्रचारप्रसार नगर्न पनि नेपाली कांग्रेस झापाले सरोकारवाला सबैलाई आग्रह गरेको छ। नेपाली कांग्रेस केन्द्रीय समितिले यसअघि नै उम्मेदवार तय नगरेसम्म सामाजिक सञ्जालमा प्रचार-प्रसार नगर्न निर्देशन दिइसकेको अवस्थामा झापा जिल्ला कार्य समितिले पनि उक्त आग्रह गरेको हो ।

यसैगरी नेपाली कांग्रेसका तर्फबाट राष्ट्रियसभा सदस्यमा निर्वाचित सांसद गोपालकुमार बस्नेतलाई बधाई ज्ञापन गर्दै गठबन्धन दलका सबै मतदाता, जनप्रतिनिधि, चुनाव प्रचारप्रसारमा खटिने सबै नेता/ कार्यकर्ताहरुमा बैठकले धन्यवाद ज्ञापन गरेको छ ।

यसैगरी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रीमा नियुक्त भएकोमा झापा भद्रपुर निवासी प्रदेश सांसद ओमप्रकाश सरावगीलाई बधाई दिने निर्णय गरेको बैठकले संगठनको काममा सहयोगी भूमिका निर्वाह गर्ने झापा-काठमाडौं सम्पर्क समितिलाई धन्यवाद दिँदै शिक्षक महासंघको आसन्न निर्वाचनमा सहयोग गर्न मातहतका समितिलाई आव्हान गर्ने निर्णय गरेको बताइएको छ ।

बैठकमा उपसभापतिहरु केशवराज पाण्डे, शेरबहादुर भट्टराई, पूर्व उपसभापति राम कट्टेल, क्षेत्रीय सभापतिहरु इन्द्रबहादुर बुढाथोकी, खगेन्द्र मैनाली, जयनारायण साहले विचार व्यक्त गरेका थिए । उक्त बैठकको सञ्चालन सचिवद्वय कृष्ण हुमागाँई र नवीन विमलीले गरेका थिए ।

# पथरी शिविरमा आगलागी

**पथरीशनिश्चरे, फागुन ३।** मोरङको पथरीशनिश्चरे नगर क्षेत्रमा रहेको भुटानी शरणार्थी शिविरमा मंगलवार आगलागी हुँदा ९ लाखभन्दा बढीको समान जलेर नष्ट भएको छ ।


सो स्थानमा रहेका ३ वटा परिवारको टहराहरू र तिनमा भएका सम्पूर्ण सामान जलेर नष्ट भएको हो। आगलागी दिउँसो भएकाले मानवीय क्षति भने नभएको बताइएको छ। ए १ हट नं. १९का तिलक राईको पुरानो तीनवटा टहराहरुमा राखिएको महत्वपूर्ण कागजात वाहेक अन्य अत्यावश्यक खाद्यान्न, लुगाफाटा, भाँडाकुँडा, मोवाइल-३ थान, साइकल- २ थान, सिलिण्डर ग्यास-२ थान, ३ तोलाको गरगहना र बन्दै गरेको कंक्रिट घरको लागि जोहो गरी राखेको ४ लाखभन्दा बढीको नगद लगायतका सरसामान जलेर नष्ट भएको पीडित परिवारका अर्जुन राईले बताए ।

सोमबार दिउँसो ३:३० बजेतिर बंगुरको लागि चारो पकाउने क्रममा पुरानो टहरामा राखिएको दाउराबाट आगो हुर्किएको पीडित परिवारले जनाएको छ। उक्त घटनामा तिलक राईको पूरानो हटसँग जोडिएका अन्य दुई छोरा रामचन्द्र र लक्षुमण राईको टहराहरु पनि जलेर खरानी भएका थिए ।

घटनास्थलमा उर्लाबारी नगरपालिकाको दमकलले अग्नि नियन्त्रण गरेको थियो भने बेलवारी तथा दमक नगरपालिकबाट पनि दमकल पुगेका थिए। आगलागी भएको १ घण्टा पछि मात्र दमकल आइपुग्दा ठूलो क्षति भएको स्थानीयले गुनासो गरेका छन्। घटनास्थलमा भेला भएका स्थानीयहरूले पथरीशनिश्चरे नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो ५ वर्षे कार्यकाल पूरा गर्ने लाग्दासम्म पनि नगरपालिकाबाट दमकल खरिद गरी सेवा प्रदान नगरेको भन्दै आक्रोश पोखेका थिए ।

यसैबीच शिविर व्यवस्थापन कमिटीको एड्मीन कुमारकृष्ण राईले शिविरमा रहेको आरसीयूमार्फत उक्त घटनाबारे सम्वन्धित निकायमा जानकारी गराउँदै पीडित परिवारलाई क्षतिपूर्ति दिलाउन कार्वाही अघि बढाइने बताए ।

# सँधै चर्चामा साम्राज्ञी



नेपाली कथानक चलचित्र 'ड्रिम्स 'बाट आफ्नो फिल्मी यात्रा शुरू गरेकी नायिका साम्राज्ञी राज्यलक्ष्मी शाह पछिल्लो समय चर्चा तथा विवादमा पर्ने गरेकी छिन् ।

उनले अहिलेसम्म ड्रिम्स, ए मेरो हजुर २, कायारा, तिमी सँग, इन्टु मिन्टू लण्डनमा जस्ता चलचित्रमा काम गरेकी छिन् । उनी विभिन्न कारणले चर्चा र विवादमा पनि पर्दै आएकी छिन् । कहिले वक्षस्थल मुनिको ट्याटू, कहिले पारिश्रमिकका बिषय, कहिले प्रेमी देवंश राणासँग रोमान्सका खबरले उनी चर्चामा आएकी छन् । उनलाई चर्चाले सधै पछ्याइरहन्छ । यो तस्वीर हालै सगरमाथापोष्टमा खचिएिको हो ।

## वैदेशिक ...

६ थान सिम, १० थान नेपाल राष्ट्र बैंकको कार्ड होल्डर, विभिन्न व्यक्तिको नागरिकताको प्रतिलिपि, ठगी गर्ने प्रयोजनको लागि बनाएका विभिन्न कागजात र नगद ६७ हजार रुपैयाँ बरामद गरेको छ ।

## करणी ...

वर्ष कैद र प्रतिवादीको अंश भागबाट आधा पीडित महिलाले पाउने फैसला ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौं ठूलोभऱ्याङमा फेला पारी पक्राउ गरेको हो ।

उनलाई २०५४ पुस १८ गते राति मकालु गाउँपालिकास्थित चत्वेक भन्ने स्थानमा पीडित महिला एक्लै आउँदै गरेको फेला पारी मारिदिने धम्की दिई जवरजस्ती करणी गरेको ठहर गर्दै अदालतले उक्त फैसला गरेको थियो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको उक्त व्यूरोले जनाएको छ ।

## अस्ताए ...

तारानाथ विद्यार्थी छँदै विभिन्न पत्रिकामा लेख तथा समालोचना छाप्थे । उनको पहिलो पुस्तक 'नमस्ते' निबन्ध सङ्ग्रह हो ।

रत्नपुस्तक भण्डारले २०१८ सालमा छापेको सो पुस्तक चर्चित पनि छ। दोस्रो कृतिका रूपमा २०२१ सालमा 'घोत्ल्याइँहरू' भन्ने समालोचना सङ्ग्रह निस्किएको थियो । उनको सम्पादनमा गोपालप्रसाद रिमालको 'आमाको सपना' कविता सङ्ग्रह, २०२० सालमा र गुरूप्रसाद मैनालीको 'नासो' कथा सङ्ग्रह, २०२१ सालमा प्रकाशन भएको थियो ।

भाषाशास्त्री बालकृष्ण पोखरेलले तारानाथको लेखलाई नियात्रा नामकरण गरिदिएका थिए । त्यसअघिसम्म नियात्रा शब्द प्रयोगमा थिएन भनिएको छ। बालकृष्णले रत्नश्रीमा २०२३ सालमा छापिएको तारानाथको 'मेनाइ साँघुको मेला' शीर्षक लेख पढेपछि 'तिमीले नियात्रा लेखेछौ'- भनेका थिए । पछि, त्यही लेखसहितको 'बेलाइततिर बरालिँदा' निबन्ध सङ्ग्रहको भूमिकामा बालकृष्णाले नियात्रा लेखिदिएको बताइएको छ ।

उनले भारत, चीन, जापान, बेलायत, अमेरिका, भूटान, पाकिस्तान, थाइल्याण्ड, लेबनान, टर्की, जर्मनी, इटाली लगायतका देशको भ्रमण गरेका थिए ।

# ओरालो लाग्यो घर जग्गाको कारोबार

**काठमाडौँ, फागुन ३।** अघिल्लो वर्षका तुलनामा गत माघ मसान्तसम्म देशभर घर जग्गाको कारोबारबाट उठ्ने राजश्व रु. एक अर्ब २३ करोड नौ लाख ३० हजार ४४३ ले घटेको छ ।

भूमि व्यवस्था तथा अभिलेख विभागका अनुसार २०७७को माघमा घर जग्गाको कारोबारबाट रु. छ अर्ब ७३ करोड २७ लाख ८० हजार ८७७ बराबरको राजश्व सङ्कलन भएको थियो । विभागका अनुसार गत माघ मसान्तसम्म रु. पाँच अर्ब ५० करोड १८ लाख ५० हजार ४ सय ३४ बराबर राजश्व सङ्कलन भएको छ ।

बैंक तथा वित्तीय संस्थामा तरलताको अभावका कारण घर जग्गाको कारोबारमा मन्दी आएको छ । बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल सिबिफिनले पनि घर जग्गामा भएको लगानीलाई अनुत्पादक क्षेत्रको रूपमा टिप्पणी गरेको छ ।

यस्तै, नेपाल राष्ट्र बैंकले पनि केही समय पहिले घर जग्गाको कारोबारका बारेमा छुट्टै अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो । विभागका अनुसार देशभर रहेका कूल १२६ मालपोतमध्ये काठमाडौँ उपत्यकामा रहेका नौ वटा मालपोत कार्यालयमा हुने घर जग्गाको कारोबारसम्बन्धी विवरण धेरै रहेको छ ।

गत माघमा देशभर भएका घर जग्गाको कारोबारबाट मात्रै रु. एक अर्ब २६ करोड ५८ लाख ४४ हजार १३४ बराबरको लाभकर उठेको छ । विभागका अनुसार २०७७ माघमा त्यस्तो कर रु. एक अर्ब ७० करोड ८४ लाख ४० हजार २७४ उठेको थियो। लाभकरसमेत घटेकाले कारोबारमा कमी आएको देखिन्छ ।

यस्तै, मालपोत कार्यालयले गत माघमा रु. २० करोड १७ लाख ६६ हजार ४८ बराबरको सेवा कर उठाएको छ। त्यस्तो कर, २०७७ माघमा रु. ३९ करोड ४३ लाख ९२ हजार ४०६ बराबर उठाएको थियो। रजिष्ट्रेशन दस्तुरबाट गत माघमा रु. तीन अर्ब ३१ करोड ८९ लाख ५० हजार ८१७ बराबरको राजश्व उठाएको विभागले २०७७ माघमा रु. तीन अर्ब ७६ करोड ८८ लाख ३१ हजार ९७० बराबरको राजश्व उठाएको थियो ।

यो विवरणका आधारमा पनि कारोबार घटेको देखिन्छ। काठमाडौँ उपत्यकाका नौ मालपोत कार्यालयको विवरणमा पनि डिल्लीबजार मालपोत कार्यालयको मात्रै राजश्व सङ्कलनमा वृद्धि भएको छ। डिल्लीबजार मालपोत कार्यालयले २०७७ माघमा रु. ३८ करोड ८४ लाख ७७ हजार ५८७ बराबरको राजश्व सङ्कलन गरेको थियो। गत माघमा सो कार्यालयले रु. ४३ करोड ८६ लाख ७६ हजार ५३९ बराबरको राजस्व सङ्कलन गरेको विवरणमा उल्लेख छ।


## मोटरसाइकल हरायो

यही मिति २०७८ फागुन ९ गते हिकोला छेउ बडी ग्यारेजबाट म आयुष प्रसाईको नाममा दर्ता कायम रहेको प्र-१-०१-०१४प-४०५५ नम्बरको पल्सर एनएस कम्पनीको सेतो रंगको २०० सीसीको मोटरसाइकल हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**नाम: आयुष प्रसाई**
**ठेगाना: बिर्तामोड-२, झापा**
**सम्पर्क: ९८१६००१७९४**
चेसिस नं.
**MD2A36EXXMCM81344**
इन्जिन नं. JLXCMM25205

## Primary Teacher Wanted

Fluent in English
**Happy Kids Education Foundation**
Birtamode-5, Jhapa
Contact: 9804998590, 9823437454

## भिट्टा विक्रीमा

झापाको कनकाई नपा-१ जामुनवारी सिमसार जाने बाटोमा ३५ फुट मुख भएको १० धुर भिटा विक्रीमा छ ।
**सम्पर्क: ९८४९०६००९९**

## Invitation for Seal Quotations

**Jhapa Rural Municipality, Taghadubba, Jhapa**

## Re-Invitation for Quotations

**Date of publication: 16-02-2022AD (2078-11-04BS)**

1. The *Jhapa Rural Municipality* invites sealed quotations for the construction work of **Bacchu tol baansbari hudai kudus gaun samma stariya gravel** and **Yuvraj Prasai ko ghar cheuma culvert nirman ra so culvert dekhi dragon fruit hudai jyotish marga samma gravel.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office **of Jhapa Rural Municipality, Taghandubba, Jhapa. Contact: 9852630900**

A complete set of Bidding Documents may be purchased from the PPMO website**(bolpatra.gov.np/egp)** ***Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [insert the name of e-GP system i.e www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document (Nrs.1,000) in the following account***

**3. Name of the Bank: NIC Asia Bank Ltd      Name of Office: Jhapa Rural Municipality**
**Office Code no. : 80101325      Office Account no.: 2022050512514014**
**AntarikRajaswaKhata**

4. Sealed bids must be submitted to the *e-GP system i.**ewww.bolpatra.gov.np/egp]***on or before 12:00 on 03-03-2022 AD (2078-11-19 BS). Bids received after this deadline will be rejected.
The bids will be opened in the presence of Bidders' representatives who choose to attend 03-03-2022 AD (2078-11-19 BS 1:00 PM at the office of **Jhapa Rural Municipality, Taghandubba, Jhapa**
5. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum as per table, which shall be valid for **30 days**beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. If bidders wishes to submit the cash security, the cash should be deposited in deposite account no. (K2CA051251452407) at [NIC Asia Bank Ltd., Jhapa Bazaar Branch and submit the received of the deposited amount of cash along with the sealed Quotation.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S.N. | Name of Project | Contract ID no. | Bid security amount NRs. | Estimated amount NRs. (Exclusive of VAT and Contingencies) | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Bacchu tol baansbari hudai kudus gaun samma stariya gravel | SBQ/Jhapa/JRM /08/078-079RE | 22,000.00 | 7,76,937.76 | 45 days | |
| 2 | Yuvraj Prasai ko ghar cheuma culvert nirman ra so culvert dekhi dragon fruit hudai jyotish marga samma gravel | SBQ/Jhapa/JRM /09/078-079RE | 25,000.00 | 8,65,301.36 | 45 days | |

**Chief Administrative Officer**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## धौलागिरी पारिजात
## बहुद्धउेश्यीय सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय : बिर्तामोड-४, झापा
(फोन: ०२३-५४२६६४)
मितिः २०७८।११।०२

### कर्मचारी आवश्यकता

यस संस्थाको लागि निम्नानुसारको कर्मचारी आवश्यक भई करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि पुनः म्याद थप गरी सूचना गरिएको छ ।

**विज्ञापन नं. : ०२।०७८।७९**

१) पद : - लेखा सहायक, संख्या :- ४
२) कार्य गर्नुपर्ने स्थान : मिलडाँडा, जयपुर, बिर्तामोड र अन्य सेवाकेन्द्र
३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :- व्यवस्थापन विषयमा स्नातक उत्तीर्ण
४) तालिम : कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भई एकाउण्टीङ प्याकेज सम्बन्धी तालिम प्राप्त ।
५) अनुभव :- सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्ष कार्यानुभव भएको ।
६) उमेर :- १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
७) मोटरसाइकल चलाउन सक्नेलाई विशेष ग्राह्यता दिइनेछ ।
८) सेवा सुविधा संस्थाको नियमानुसार हुनेछ ।
९) परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता
१०) निवेदन दस्तुर रु. ३००।-
११. सम्पर्क मिति : २०७८।११।०९

उपरोक्त बमोजिम योग्यता प्राप्त इच्छुक नेपाली नागरिकले आफ्नो शैक्षिक योग्यता, नागरिकता, तालिम तथा अनुभवको प्रतिलिपिहरु संलग्न गरी आफ्नो बायोडाटा एवं आफ्नै हस्तलिखित निवेदन सहित ७ दिन भित्र (२०७८।११।०८ सम्म) संस्थाको मुख्य कार्यालयमा आई आवेदन दिनुहोला ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## सभ्य समाज निर्माणको पहल

**जोखिममा परेका सडक बालबालिकालाई समाजमा पुन: स्थापित गर्न पहल शुरु भएको समाचार छ । समुन्नत नेपालकी अध्यक्ष कोपिला बस्नेतको अग्रसरता र अगुवाइमा त्यस्ता बालबालिकालाई संरक्षणसहित उचित शिक्षा, सिप र संस्कार दिएर समाजमा पुन:स्थापित गर्न शुरु गरेको पहल स्वागतयोग्य छ नै तर अभियानकर्मीका लागि भने चुनौतिपूर्ण छ । कपितय बालबालिका अभिभावकविहीन भएर, समाजबाट उपेक्षित भएर सडकमा पुगेका छन् भने कति इच्छाले घर छाडेर हिँडेका छन् । तिनको पहिचान गरेर घर, समाजमा पुन:स्थापित गर्दै बाध्यातावश सडकमा आइपुगेका बालबालिकालाई आवाससहित शिक्षा, स्वास्थ्य सेवाको पहुँचमा पुर्‍याइ संरक्षण गर्नु राज्यको दायित्व हुनुपर्दछ । तर, राज्य त्यतातर्फ गम्भीर छैन र जिम्मेवार देखिने सम्भावना पनि छैन ।**

**अभियानकर्मी बस्नेतले लक्षित समूहका बालबालिकालाई आवाससहितको छुट्टै आश्रमस्थल निर्माण गर्ने अवधारणा सार्वजनिक गरेकी छिन् । यसका लागि झापाका सबै पालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँग छलफल गरिएको र सहयोगको प्रतिबद्धता समेत प्रकट भएको बताइएको छ । सोही अवधारणा अनुरुप बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष रमेशकुमार भुजेलले आफ्नो दश कट्टा जग्गा प्रदान गर्ने अभियानकर्मी बस्नेतले जनाएकी छिन् । यद्यपि यो अभियान सहज छैन र थुप्रै चुनौतिहरु छन् । सडकमा आइपुगेका बालबालिका सबै परिस्थितिबस, संरक्षकविहीन भएर वा सामाजिक कारणले जोखिममा परेका होइनन् । खासगरी शहरीया जीवनमा रमाउने, कुलतमा फस्ने, कुसंगतको परिणामले सडकमा रहेका कतिपय बालबालिका दुर्व्यसनको यस्तो दलदलमा छन् कि उनीहरु परिवार र आफ्नो समाजमा पुन:स्थापित हुनै चाहँदैनन् ।**

**सडक बालबालिका लक्षित संरक्षण केन्द्रको अवधारणा सम्भवत: नेपालका लागि पहिलो हुनसक्छ । सडकमा रमाउन थालेका त्यस्ता बालबालिकालाई फेरि परिवार, समाज वा कुनै केन्द्रमा पुन:स्थापित गराउन संस्कार, संस्कृति, सभ्यता, मनोपरामर्शसहितको उत्प्रेरणा शिक्षा आवश्यक हुन्छ । संरक्षण केन्द्रमा यसका अतिरिक्त समाजमा हुर्किंदै गएको विकृति, विसंगतिका विरुद्ध नैतिक शिक्षासहितको आत्मबल प्रदान गर्नुपर्छ । बढ्दो मनोसामाजिक समस्याको परिणाममा आत्महत्या जस्तो अपराधलाई पनि रोक्न, न्यूनीकरण गर्न बाल अधिकार र यसको महत्वको बारेमा सचेतना प्रदान गर्दै जीवनोपयोगी सिप हस्तान्तरण गर्नुपर्छ । सभ्य समाजको निर्माणले मात्र वर्तमानका चुनौति र समस्याहरुको समाधान सम्भव हुने भएकाले यस्तो अग्रसरतामा समाजको पनि योगदान रहनु पर्दछ ।**

### सामाजिक सञ्जाल

एमसीसी जस्ता अनुदान संसदबाट पारित हुनु राम्रो हो । बहुमतमा हुँदा पारित गर्न खोज्ने, प्रतिपक्षमा पुग्दा सत्ताको गोटी बनाउने अथवा यो वा त्यो शिविरको भन्दै विरोध गर्ने प्रवृत्ति नराम्रो हो । संकिर्णता हो । देशभक्ति होइन । दलहरूले सम्बोधन गरून् ।

**– दमननाथ ढुंगाना**





प्रधानन्यायाधीशविरूद्ध ल्याएको महाभियोगमा टिट फर ट्याट गरियो भने त्यो गर्नेलाई पनि न्यायालयलाई पनि नराम्रो हुन्छ । कसैले आवेशमा टिप्पणी गरे पनि त्यो हदसम्म नजालान् भन्ने लाग्छ ।

**– विपीन अधिकारी**

संविधान मै बाध्यात्मक व्यवस्था गरिएको समयमा निर्वाचन गर्न आनाकानी गर्नु भनेको संविधान र लोकतान्त्रिक पद्धति प्रतिको सबैभन्दा ठूलो बेइमानी हो । दलका शिर्ष नेताबीचका दाउपेच/लेनदेन/सम्झौताले अब पहिले जस्तो राजनीतिक वैधता नपाउला । जनतामा आक्रोश/असन्तोष चुर्लिंदैछ । नेताहरूले मनन गरून् ।

**– सूर्यराज आचार्य**



# स्थानीय सरकारको बजेट तर्जुमा सबैको चासो अनिवार्य



**उदय मैनाली**

नेपालको वर्तमान संविधानको कार्यान्वयन भएसँगै एकात्मक राज्य संरचनाको स्वरुप परिवर्तन भई संघीय संरचना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा रुपान्तरित भएको छ। संविधानको भाग ५ मा राज्य संरचनाको स्वरुपको बारेमा व्यवस्था गरेको छ। यसै बमोजिम तीनवटै सरकारका साझा तथा एकल अधिकारहरु अनुसूचीमा व्यवस्था गरिएको छ। अनुसूचीमा उल्लेख नभएका अधिकारहरु संघीय अवशिष्ट अधिकारका रुपमा संविधानको धारा ५८ मा राखिएको छ।

संघ, प्रदेश र स्थानीय तहले बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था क्रमशः जेठ १५, असार १ र असार १० गतेलाई तोकिएको छ। यो बाध्यात्मक संवैधानिक व्यवस्था हो। संविधानले निर्दिष्ट गरेको बाध्यात्मक व्यवस्था र स्थानीय सरकार सञ्चालनका लागि समेत अनिवार्य र अपरिहार्य रूपमा बजेट पेश गर्नैपर्छ। बजेट पारित नै नगरिकन स्थानीय सरकार सञ्चालन गर्नु सर्वथा त्रुटिपूर्ण र गैरजिम्मेवार हुनेछ। यस कुरामा सबै स्थानीय सरकार प्रथम दृष्टि मै सचेत हुनु अनिवार्य देखिन्छ। बजेट निर्माण गर्दा हरेक स्थानीय सरकारले निम्न विषयमा स्पष्ट भई प्रक्रिया पूरा गर्नुपर्छ।


स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, नीति-निर्माण गर्ने, योजना तयार गर्ने तथा त्यसको कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था संविधानको धारा ५९ मा उल्लेख गरिएको छ। संघीय संरचनाको मूल भावना अनुरुप संविधानको धारा २३२ मा ३ स (समन्वय, सहकार्य र सहअस्तित्व)लाई आधारका रुपमा लिएर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्ववस्थाको माध्यमबाट दिगो शान्ति, विकास, सुशासन र समृद्धि प्राप्तिको आधार स्तम्भको रुपमा रहने कुरा संविधानको प्रस्तावनामा उल्लेख गरिएको छ।

संविधानको अनुसूची ८ मा उल्लेखित २२ वटा एकल अधिकार सूची र अनुसूची-९ मा उल्लेखित १५ वटा साझा अधिकारका सूचीको कार्यान्वयनका निमित्त स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा १ बमोजिम उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ।

स्थानीय तहले बजेट तथा योजना तर्जुमा र कार्यान्वयन गर्दा देहायका विषयलाई ध्यान दिनुपर्छ।

१. नेपालको संविधान
२. स्थानीय सरकार सञ्चालन ऐन २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
४. स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन
५. अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४
६. सार्वजनिक खरिद ऐन २०६३
७. आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६
८. संघ तथा प्रदेशले जारी गरेका नीति, मापदण्ड तथा कानून
९. दिगो विकासका लक्ष्यहरु

कानून बमोजिम बाहेक स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन वा ऋण लिन नपाउने संवैधानिक व्यवस्था रहेको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुरुप स्थानीय तहको बजेट तथा योजना तर्जुमा गर्दा देहाय बमोजिमका प्रक्रियाहरुको व्यवस्था गरिएको छ।




**१. आयव्ययको प्रक्षेपण :** स्थानीय तहको आय र व्ययको विस्तृत विवरण, तथ्यांकसहित राजश्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिसमा पुष मसान्तभित्र कार्यपालिकाबाट अनुमोदन गराई संघीय अर्थ मन्त्रालमा पेश गर्नुपर्नेछ।

**२. संघ र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण सीमा र मार्गदर्शन प्राप्ति :** संघीय सरकारबाट राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान बापत स्थानीय तहलाई आगामी वर्ष उपलब्ध हुने स्रोतको विवरण फागुन मसान्तभित्र र प्रदेश सरकारले आगामी आर्थिक वर्षमा प्राप्त हुने वित्तीय अनुदानको अनुमानित विवरण चैत्र मसान्तभित्र उपलब्ध गराउने।

**३. विषयगत क्षेत्र छुट्याउने :** प्रत्येक स्थानीय तहले आफ्नो पालिकाभित्र सञ्चालन हुने विकास कार्यक्रमलाई विषयगत आधारमा छुट्याई कार्यपालिका सदस्यहरुलाई विषयगत क्षेत्रको जिम्मेवारी तोक्ने।

**४. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण :** स्थानीय राजश्व परामर्श समितिले सम्बन्धित स्थानीय तहको राजश्व प्रक्षेपण गरी पेश गर्ने।

**५. बजेट सीमाको वितरण :** स्थानीय तहका विषयगत शाखा, महाशाखा तथा वडा समितिलाई बजेट सीमा पठाउने।

**६. बस्ती तहको योजना छनौट गर्ने :** वडाका जनप्रतिनिधिहरुले बस्ती, टोल, समुदायमा पुगी जनभेला गराई जनताबाट बस्तीस्तरको योजना छनौट गर्ने।

**७. वडास्तरीय योजना तर्जुमा तथा प्राथमिकता निर्धारण :** स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा र मार्गदर्शनका आधारमा सम्बन्धित वडाहरुले बस्ती र टोलबाट छनौट गरिएका योजनाहरु मध्ये वडाका लागि प्राप्त बजेट सिमाको अधिनमा रही योजना छनौट र प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने।

**८. विषयगत योजनाहरुको प्राथमिकीकरण :** विभिन्न वडाहरुबाट प्राप्त योजना तथा कार्यक्रमहरुलाई विषयगत समितिहरूमा छलफल गराई प्राथमिकीकरण गर्ने।

**९. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने :** विषयगत समितिहरुबाट प्राथमिकतामा राखेका योजनाहरुलाई एकीकृत गर्ने, योजना र कार्यक्रमहरुबीच दोहोरोपना हुन नदिने तथा योजनाहरुबीच आपसी तालमेल मिलाउने र आगामी वर्षका लागि नीति तथा कार्यक्रमको प्रस्ताव गर्ने।

**१०. कार्यपालिकाबाट बजेट स्वीकृत गर्ने :** बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आर्थिकवर्षको वार्षिक नीति तथा कार्यक्रम एवम् आय र व्ययको अनुमान गाउँ वा नगरकार्यपालिकाबाट स्वीकृत गर्ने।

**११. सभामा पेश गर्ने :** कार्यपालिकाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरु असार १० गतेभित्र कार्यपालिकामा पेश गर्ने।

**१२. सभाबाट पारित गर्ने :** पेश भएको बजेट तथा कार्यक्रम सभाले असार मसान्तभित्र पारित गरिसक्नुपर्ने।

**१३. कार्यान्वयन गर्ने :** सभाबाट पारित भएको सात दिनभित्र अध्यक्ष वा प्रमुखले कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने एवम् अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित शाखा र वडा सचिवहरुलाई योजना कार्यान्वयनको जिम्मा दिने। यसरी जिम्मेवारी प्राप्त गरेको सात दिनभित्र सम्बन्धित शाखा, वडा सचिवहरुले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।

बजेट तर्जुमा गर्दा सबै स्थानीय सरकारले आफूलाई छुट्टै स्वायत्त सरकार मानी आत्मनिर्भर बन्ने प्रयत्न गर्नुपर्छ। आफ्नो क्षेत्रभित्र आयात हुने वस्तु तथा सेवा र निर्यात हुने वस्तु तथा सेवा र त्यसबाट पारेको प्रभावको मूल्यांकन गर्न सक्नुपर्छ। समृद्ध स्थानीय सरकार बन्न निर्यात प्रवर्द्धनमा जोड दिनुपर्छ। आफ्नो भूपरिवेशमा के वस्तु वा सेवा उत्पादन गर्न सकिन्छ र त्यसलाई निर्यात गरेर कसरी बढीभन्दा बढी आयआर्जन गर्ने र जनताको जीवनस्तर उकास्ने भन्नेतर्फ गहिरो चिन्तन गरी बजेटमा प्राथमिकता निर्धारण गर्न सक्नुपर्छ।

यसरी बजेट निर्माण गर्दा स्थानीय तहले वर्तमान सामजिक राजनीतिक र आर्थिक अवस्थालाइ विशेष जोड दिनुपर्छ। कोभिडको प्रभावले शिक्षा, उद्योग र सहकारी क्षेत्र थिलथिलो भएको छ। यी क्षेत्रलाई टिकाउन र बिकाउन स्थानीय सरकारले अनुदान, छुट, सहुलियत, सहकार्य र व्यवस्थापन साझेदारी गर्नुपर्ने अवस्था छ। हरेक स्थानीय सरकारको परिवेश समान छैन। आफ्नो परिवेशको तथ्यगत विश्लेषण गरी स्रोतसाधनको उच्चतम् प्रयोग हुने गरी बजेट तथा कार्यक्रमले शिक्षा, उद्योग र सहकारी क्षेत्रलाई सम्बोधन गर्नुपर्छ।

यस क्षेत्रले आफ्नो लयमा फर्कन सकेन भने हाम्रो सामाजिक संरचनामै गम्भीर रूपमा प्रहार गर्छ भन्ने कुरालाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिरहँदा हरेक स्थानीय सरकारले मनन नगरी हुँदैन ।प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता,कार्यदक्षता, प्रभावकारिताको आधारमा बजेटलाई नीति तथा योजनासँग तादम्यता मिलाई आर्थिक अनुशासन तथा पारदर्शितासहित योजनाहरुको कार्यान्वयन गर्न सकेमा समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य पूरा हुने देखिन्छ।

# स्वस्थानी व्रतकथाको समाप्ति




आज माघ शुक्ल पूर्णिमा । आजभन्दा एक महिनाअघि अर्थात् पौष शुक्ल पूर्णिमादेखि श्री स्वस्थानी व्रतकथा शुरु भएको थियो । विशेषगरी हिन्दू महिलाहरूले एक महिनासम्म मनाउने श्री स्वस्थानी व्रत कथा आजबाट समाप्त हुँदैछ । नेपालमा धार्मिक सहिष्णुता भएकोले मान्न मिल्ने, श्रवण गर्न मिल्ने अन्य सम्प्रदायका व्यक्तिहरुले पनि यस व्रत कथाप्रति सम्मान राखेको पाइन्छ। यस श्री स्वस्थानी व्रतकथामा विशेषगरी श्री स्वस्थानी देवीको पूजा र आराधना गरिन्छ। शिवजी तथा अन्य देव-देवीको पनि आराधना गरिन्छ ।

विशेषगरी काठमाडौंको साँखुको शाली नदीमा व्रतालुहरूको आज भीड हुन्छ । यसका साथै देशका विभिन्न जलाशययुक्त स्थानमा पनि श्रद्धालु भक्तजनहरूको भीड हुन्छ। हात गोडाका नङ काटी नुहाइ-धुवाइ, शुद्ध चोखो लुगा लगाई सक्नेले एक महिनासम्म र नसक्नेले शुरु र आज अन्तिमदिनमा व्रत लिन्छन् । रातो पहिरन, सिन्दूर र हातमा रातो चुरामा सजिएकी विवाहिता महिलाले आफ्नो श्रीमान्को दीर्घायु तथा सम्पन्नताको कामना गर्दछन् भने अविवाहिताले श्री बुद्धि तथा राम्रो भविष्य तथा सुयोग्य वरको कामना गर्दै व्रत बस्छन् । रातो पहिरन आकर्षक हुनुका साथै यसलाई श्रीवृद्धिको प्रतीक पनि मानिन्छ ।

आफ्नी प्रिय पत्नी सतीदेवीको मृत्युपछि महादेव अन्यन्त शोकाकुल बन्छन् । आफ्नी पत्नीको मृत शरीर बोकी उनी एक तमासले हिँड्छन् । यही क्रममा सतीदेवीका अङ्गहरू पतन हुन थाल्दछन् । यही क्रममा धरानस्थित विजयपुरमा सतीदेवीको दाँत पतन भएको जन विश्वास रहेको पाइन्छ । यसैले यसलाई दन्तकाली भनिएको हो ।

आफ्नी पत्नीको वियोगबारे महादेवका जुन प्रसङ्गहरू उल्लेख गरिएका छन्, त्यसले कथा वाचक र श्रोताहरूलाई अत्यन्त भावविह्वल बनाउने गर्दछ। वास्तविक रूपमा पनि आफ्नी पति वा पत्नीको स्वर्गवास पछि बाँच्ने व्यक्ति एकल हुन पुग्दछ। मृत्यु यस्तो चिज हो जसलाई छेकेर छेक्न सकिन्न, रोकेर रोक्न सकिन्न । यस संसारमा जन्मेपछि एकदिन मर्नुपर्ने नै हुन्छ। आफूलाई बुझ्ने, आफ्नो इच्छा चाहना परिपूर्ति गर्न हरदम प्रयास गर्न खोज्ने व्यक्तिको निधनले सबैलाई अत्यन्त दु:खी तुल्याउने गर्दछ। यस सत्यसँग परिचित व्यक्तिहरूले आफ्नो मर्म लुकाई बाँकी रहेको जीवनप्रति सकारात्मक भई जीवन व्यतीत गरिरहेको पाइन्छ, गर्नुपर्छ पनि। उहाँहरूप्रति यो पंक्तितकार हार्दिक नमन गर्न चाहन्छ।

यस श्री स्वस्थानी व्रतकथामा महादेव, सतीदेवी, पार्वती तथा गोमा ब्राम्हणीको विशेष कथा पाइन्छ। संसार तथा मानव, दानव तथा देवताको उत्पत्तिको कथा पाइन्छ। विभिन्न दानवहरूसँगको लडाइँका कथाहरू पनि यसमा समेटिएका छन्। शुरुमा राक्षसी प्रवृत्तिहरू अर्थात् असत्यहरूको जीत भएर क्षणिक आनन्दमा रमाए तापनि अन्तमा सत्यकै जीत हुने कुरा विभिन्न प्रसङ्गहरूबाट बुझ्न सकिन्छ। घमण्ड गर्नाले पतन अवश्य हुन्छ।

मानव होस् वा दैव, जो सुकैले गरेको घमण्डले हानी पुर्‍याउने भएकोले पद, प्रतिष्ठा, शक्ति, रूप, धन, सम्पन्नता



आदिको घमण्ड त्याग्नै पर्ने कुरा यस कथाबाट सिक्न सकिन्छ। मानिस भएर जन्म लिइसकेपछि सबैको सुखपूर्वक जीवन व्यतीत हुँदैन । धेरै जनाको दु:ख र कष्टपूर्ण जीवन हुने गर्दछ। यसो भयो भन्दैमा आत्तिने कार्य गर्नुहुँदैन। संयमित भएर आफ्नो सुकार्य र मेहनतपूर्वक गर्दै जाँदा अन्त्यमा सुख अवश्य पाइन्छ भन्ने सन्देश पनि यसमा अन्तरनिहित छ।

सबै व्यक्तिहरूको भावना एकै किसिमका हुँदैनन्। तसर्थ, कतिपय व्यक्तिहरूले श्री स्वस्थानी व्रतकथाप्रति विमति पनि राख्ने गरेको पाइन्छ । धार्मिक रूपमा एक महिनासम्म मनाइने, स्वस्थानी देवीको कथा वाचन तथा श्रवण गरिने, विधि विधान अनुसार व्रत आरम्भ गर्ने तथा समापन गर्ने गरिन्छ। आज विधिवत् रूपमा व्रत बसी श्री स्वस्थानीको अन्तिम कथा वाचन तथा श्रवण गरिन्छ, पूजा गरिन्छ। अन्त्यमा प्रसाद बाँडिन्छ। भोलिपल्ट बिहानै विधि अनुसार नै फूलपातीहरू नदीमा बहाइन्छ। यसरी स्वस्थानी व्रतकथा नेपाली जनजीवनसँग नजिकबाट गाँसिएको महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा रहेको पाइन्छ।

**प्रस्तुति : प्रेम तुलाधर**



राडी बन्दै वृद्धा : ताप्लेजुङको सदरमुकाम फुङ्लिङ नगरपालिका–६, कोठेबारी गाउँका वृद्धा भेँडाको ऊनबाट राडी तयार गर्दै । यहाँ राडी प्रतिगोटा रु. दुई हजारदेखि रु. पाँच हजारसम्ममा खरिद बिक्री हुँदै आएको छ । तस्विर : दिलकुमार लिम्बू/रासस

# यस बर्ष पनि किचकबध धार्मिक मेला नलाग्ने

□ पार्थ मण्डल

**भद्रपुर, फागुन ३।** महाभारतकालीन किंवदन्तीसँग जोडिएको ऐतिहासिक किचकबध धार्मिक मेला कोरोना महामारीका कारण यसबर्ष नलाग्ने भएको छ । किचकबध ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय स्थल संरक्षण समितिले फागुन १ गते सूचना प्रकाशन गर्दै कोरोना महामारीका कारण यसबर्ष पनि किचकबध मेला नलगाउने निर्णय गरेको हो ।

हरेक वर्ष माघ शुल्क पूर्णिमा/स्वस्थानी व्रत समाप्तिका दिन स्वतःस्फूर्त रुपमा किचकवध मेला लाग्दै आएको छ । आज फागुन ४ गते किचकवध मेला लाग्ने दिन परेको छ । सरकारले मेला, महोत्सव र समारोह जस्ता कार्यक्रममा अत्यधिक भिडभाड नगर्न निर्देशन जारी गरेकोले यस वर्ष किचकबध मेला नलगाउने निर्णय गरिएको संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेवेले जानकारी दिए ।

अघिल्लो वर्ष पनि कोरोना संक्रमणका कारण मेला आयोजना गरिएको थिएन । मेला नलागे भए पनि धार्मिक आस्था लिएर पूजा-आर्चना गर्न आउने श्रद्धालु भक्तजनहरूलाई रोकटोक लगाउन नसकिने उनको भनाइ छ । भद्रपुर नगरपालिका २ र ३ नम्बर वडामा पर्ने किचकवधको ऐतिहासिक धार्मिक पोखरीमा माघे शुल्क पूर्णिमा दिन स्वतःस्फूर्त पानी आउने गरेकोले सो पोखरीमा नुहाउँदा व्रतालु भक्तजनहरूले इच्छाएको मनकामना पूरा हुने धार्मिक विश्वास छ ।

भक्तजनहरूले पोखरीमा पैसा फाल्ने, पान र सुपारी राखेर पूजा-अर्चना गरी परेवा उडाउने धार्मिक प्रचलन रहेको छ । भक्तजनहरूले भीमसेनले किचकलाई बध गरेको मूर्तिमा समेत पूजा-आर्चना गर्छन् । वर्षमा एक पटक लाग्ने यस किचकबध मेलामा झापासहित पूर्वका विभिन्न जिल्लासँगै छिमेकी राष्ट्र भारतबाट समेत भक्तजनहरू आउन गरेकाले घुइँचो नै लाग्ने गरेको छ ।



महाभारतकालीन किंवदन्ती अनुसार विराट राजाका सालो किचक सेनापति थिए । पाँच पाण्डवकी रानी द्रौपदीको यौवन र रूपमाथि कुदृष्टि राख्ने सेनापति किचकलाई भीमसेनले मुड्क्याएर मारेको किंवदन्ती छ । सोही कथावस्तुलाई आधार मानेर यस ठाउँको नाम किचकबध राखिएको र पछि किचकबध ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको नामकरण दिइयो ।

**भद्रपुर र कचनकवलमा स्थानीय बिदा**

किचकबध धार्मिक मेलाको उपल्यक्षमा भद्रपुर नगरपालिका र कचनकवल गाउँपालिकाले बुधबार स्थानीय विदा दिने निर्णय गरेको छ । अघिल्लो वर्ष बाह्दशी र हल्दिबारी गाउँपालिकाले पनि स्थानीय बिदा दिने निर्णय गरेको थियो ।

भद्रपुर नगरपालिकाकाले सूचना जारी गर्दै किचकबध मेलाका दिन स्थानीय बिदा दिने निर्णय गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेककुमार रेग्मीले जानकारी दिए । नगर कार्यपालिका अन्तर्गत रहेका सबै निकाय र शैक्षिक संस्थामा बिदा दिइएको उनले बताए । त्यस्तै कचनकवल गाउँपालिकाले पनि भोलि स्थानीय बिदा दिने निर्णय गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुमार बस्नेतले जानकारी दिए ।

यता हल्दिबारी गाउँपालिकाले स्थानीय बिदाको बारेमा केही निर्णय नगरिसकेको गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देनले जानकारी दिए । त्यस्तै अघिल्लो वर्षहरू स्थानीय बिदा दिँदै आएका बाह्रदशी गाउँपालिकाले पनि यस वर्ष स्थानीय बिदा दिने विषयमा निर्णय गरेको छैन । यस वर्ष बिदा दिने बारेमा गाउँपालिकाले निर्णय नगरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाँईले जानकारी दिए ।

# जागरुकको वार्षिक प्रतिवेदन सार्वजनिक




**कमल, फागुन ३।** जागरुक कृषि सहकारी संस्था लिमिटेडले छैटौं वार्षिक साधारणसभामा प्रस्तुत गरिने प्रतिवेदन सार्वजनिक गरेको छ ।

कमल गाउँपालिका-३ केर्खामा कार्यालय रहेको सहकारीले फागुन ३ गतेदेखि ५ गतेसम्म हरेक सदस्यलाई प्रतिवेदन वितरण गर्ने र ६ गते सदस्यबाट सुझाव संकलन गरिने सहकारीका अध्यक्ष कमल घिमिरेले जानकारी दिए ।

कोभिड-१९ का कारण सदस्यलाई एकै ठाउँमा भेला गरी साधारणसभा गर्दा समस्या हुने भएकोले सामाजिक दूरी कायम गर्दै प्रतिवेदन वितरण गरिने अध्यक्ष घिमिरेले बताए ।

२०७२ सालमा पाँच लाख रुपैयाँ शेयर पुँजीबाट शुरु भएको सहकारीले छैटौं वार्षिक साधारणसभासम्म आइपुग्दा २७ लाख १५ हजार सात सय रुपैयाँ शेयर पुँजी पुर्‍याउन सफल भएको छ भने १५ लाख ३४ हजार दुई सय १३ रुपैयाँ कूल नाफा गर्न सफल भएको व्यवस्थापक सुमित दर्जीले जानकारी दिए ।

सहकारीले बचत र कर्जाको कारोवार का साथै सदस्यको सुविधाका लागि रेमिट्यान्स सेवा, बिजुलीको र टेलिफोनको बिल भुक्तानी हवाई टिकट लगायतका सेवा समेत सञ्चालन गर्दै आएको सहकारीले जनाएको छ ।


**हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई**

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्क: ९८०८७०५२०६/९८६३९८३६६८ ९८०७९३०७४०/९८४०४९८३५५

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की अब प्रति ट्यांकी रु. २०००/- मा सफाई गरिने छ ।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा**

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**डा. रामकुमार सिटौला**

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५

नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।

**ठाकुर पोलिक्लिनिकमा**

विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११–२ बजेसम्म, दिउँसो ४ बजेपछि

हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड–१, झापा, फोन :०२३–५९०००८, ९८१७९६४७७१

**फाइनल अन्तरवार्ता**

बिर्तामोडमा फागुन ६ गते हुँदैछ

सम्पर्क : ९८४२६२५४०२ । ९८२४०२३२०५ । ९८०६०८१२०० । ९८०६०९१७०८ । ०२३–५३४१०५

**मलेशियामा रोजगारको अवसर** | कम्पनी: SHARK FORCE SDN BHD, शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७८/११/२३ चलानी नं.: ६०१५३१९७ LT. No.: 234454 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | सा. साक्षर दक्ष | 1200 | ३८,११२ | का.वि. अनुसार | ८ घण्टा | ६ दिन | का.वि. अनुसार | छैन | छ | २ वर्ष |

पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि., झापा, बिर्तामोडमा फागुन ६ गते (18 February 2022) मा,
पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि., भरतपुर, चितवनमा फागुन ८ गते (20 February 2022) मा,
पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि., पोखरा, कास्कीमा फागुन ९ गते (21 February 2022) मा र
पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि., बुटवल, रुपन्देहीमा फागुन १० गते (22 February 2022) मा हुनेछ ।

पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोन नं.: ०१-४९८८७५४, ४९८८७५५
Chitwan: 056-522876, 9855060686 Pokhara: 061553158, 9846031923
Butwal: 071-541534, 9857077872, Birtamod: 023-534105, 9806091708
E-mail : info.pukaragency@gmail.com

**उपकार ब्राण्ड**

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधैं उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१२०, ९८२०७१६११३


**सूचना ! सूचना !! सूचना !!**

प्राविधिक शिक्षा वा व्यवसायिक तालिम परिषद्, दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाको आर्थिक सहयोगमा होटल व्यवसायी संघ झापाले निकट भविष्यमा बिर्तामोड र मेचीनगरमा सञ्चालित गर्ने निःशुल्क 'कामदारको लागि थप तालिम (Workers Further Training)' लिन इच्छुक 'होटेलमा हाल कार्यरत कामदार', 'Covid-19' का कारण रोजगार गुमाएका होटलका कामदार' र 'वैदेशिक रोजगारबाट फर्किएको होटल सम्बन्धी कार्य गरेका कामदारहरु'ले निम्न लिखित विषयहरुमा तालिम लिन चाहेमा प्रस्ट देखिने नेपाली नागरिकताको फोटोकपि तथा २ प्रति पासपोर्ट साइजको फोटोसहित मिति २०७८/११/१० गतेभित्र तल दिएको ठेगानामा आइ फर्म भर्न यो सूचना प्रकाशित गरिएको छ ।

विषय : वेटर/वेटर्स (Waiter/Waitress)
कमन इन्डियन कुइजिन (Indian Cook)
फ्रन्ट अफिस/डेस्क मेनाजमेन्ट (Front Office Management)
चाइनिज/टिपीकल नेपाली कुक (Chinese/Nepali Cook)
हाउसकिपिङ्ग (Housekeeping)

बिर्तामोड सम्पर्क : होटेल व्यवसायी संघ झापा, बिर्तामोड अफिस
फोन नं. : ०२३–५३११४२, ९८४२६५५१८०, ९८५२६७७३९२
स्प्रिंगडेल कलेज फर हस्पिटालिटी मेनेजमेन्ट
बिर्तामोड, फोन नं.: ०२३–५४६२६२, ९८४१२५९९७४

मेचीनगर सम्पर्क :
मेचीनगर होटल व्यवसायी संघ, काँकरभिट्टा
फोन नं. : ०२३–५६३२९८, ९८५२६६२४२९
स्प्रिंगडेल कलेज फर हस्पिटालिटी मेनेजमेन्ट, काँकरभिट्टा
फोन नं. : ०२३–५६६३४२, ९८२३७१०५४४
अतिथि हस्पिटालिटी, धुलाबारी (फोनः ९८४२६२४४३८, ९८०७९१३७२२)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुर्‍याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुर्‍याएर मात्र खर्च गर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाई.को समय उत्तम सिद्धी रहेको छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ शुभ खबर सुन्न पाइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला ।